# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०५ | काठमाडौं | सोमबार, २२ फागुन २०७९ | Prabhab National Daily | Monday, March 06, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


## मुख्यमन्त्री शाहलाई दुईतिहाइ मत

### प्रस्तावको पक्षमा ४१ र विपक्षमा ११

■ प्रभाव संवाददाता



**काठमाडौं–** सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले विश्वासको मत पाएका छन् । आइतबार प्रदेशसभाको बैठकबाट उनले नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम विश्वासको मत पाएका हुन् ।

प्रदेशसभा भवन धनगढीमा बसेको प्रदेशसभाको बैठकमा मुख्यमन्त्रीले राखेको प्रस्तावको पक्षमा दुईतिहाइभन्दा बढी ४१ प्रदेशसभा सदस्यको मत पाए । प्रस्तावको विपक्षमा ११ मत खसेको थियो ।

बैठकको प्रारम्भमा सभामुख भीमबहादुर भण्डारीको अनुमतिमा मुख्यमन्त्री शाहले नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम आफूमाथि विश्वासको मत प्राप्त होस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए । मुख्यमन्त्रीको प्रस्तावमाथि भएको छलफलमा प्रदेशसभा सदस्यहरू नेकपा माओवादी केन्द्रका खगराज भट्ट, नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरी, नेकपा एमालेका चक्रबहादुर मल्ल, नेकपा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का खेमादेवी विष्ट र स्वतन्त्र सदस्य डा. तारा जोशीले भाग लिएका थिए ।

प्रस्तावमाथि भएको छलफलपछि प्रस्तावलाई मत विभाजनको प्रक्रियाद्वारा मत संकलन गरिएको थियो । सभामुख भण्डारीले मत विभाजनको परिणामबारे जानकारी दिँदै प्रस्तावको पक्ष अर्थात् हुन्छ भन्नेमा ४१ मत र प्रस्तावको विपक्ष अर्थात् हुन्न भन्नेमा ११ मत परेको जानकारी दिए । उक्त संख्या प्रदेशसभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत रहेकोले मुख्यमन्त्री शाहले प्रदेशसभाको बैठकबाट विश्वासको मत पाएको घोषणा गरे ।

प्रदेशसभामा नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री शाहको प्रस्तावको पक्षमा कांग्रेसका १९, नेकपा माओवादी केन्द्रका सभामुखबाहेक १०, नागरिक उन्मुक्ति पार्टीका सात र नेकपा एकीकृत समाजवादीका चार सदस्य मतदानमा सहभागी थिए । प्रदेशसभाको विपक्षी बेन्चमा बसेका स्वतन्त्र सदस्य डा. जोशीले पनि मुख्यमन्त्रीको पक्षमा मत जाहेर गरे । विपक्षमा नेकपा एमालेका १० र राप्रपाका एक सदस्यले मत जाहेर गरेका थिए ।

त्रिपन्न सदस्यीय प्रदेशसभामा सभामुखबाहेक ५२ सदस्यले मुख्यमन्त्रीले राखेको प्रस्तावको पक्ष र विपक्षमा भाग लिएका थिए । केन्द्रमा बनेको दलहरूको समीकरणसँगै (**बाँकी पृष्ठ ३ मा**)

# सर्वोच्चको आदेशले हलचल

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालविरुद्ध रिट दर्ता गर्न सर्वोच्च अदालतले दिएको आदेशले नेपाली राजनीतिमा हलचल ल्याएको छ । सर्वोच्चको उक्त आदेशलाई पक्ष र विपक्षमा रहेर व्याख्या गर्ने क्रम जारी छ ।

माओवादी केन्द्रले आइतबार विज्ञप्ति नै जारी गरेर यसको विरोध जनाएको छ । यस्तै पूर्वमाओवादी नेताहरू समेत विपक्षमा उभिएका छन् । उनीहरूले संक्रमणकालीन न्यायको मूल्य तथा मान्यताविपरीत आदेश आएको भन्दै आपत्ति जनाएका छन् । यही सन्दर्भमा माओवादीहरू एक ठाउँमा उभिनुपर्ने बहससमेत अगाडि बढाइएको छ ।

यता सत्ता साझेदार नौ दलको बैठकले राजनीतिक दलले संक्रमणकालीन न्यायका बारेका उठेका विषयलाई अविलम्ब टुंगोमा पुऱ्याउने निर्णय गरेका छन् । आइतबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले सो निर्णय गरेको हो ।

प्रधानमन्त्री दाहालले २०७६ को माघीका अवसरमा काठमाडौंको खुलामञ्चमा आयोजित सभालाई सम्बोधन गर्दा दिएको अभिव्यक्तिले यो अवस्था सिर्जना गरेको हो । त्यतिबेला उनले द्वन्द्वका क्रममा मारिएका १७ हजारमध्ये आफूले पाँच हजारको जिम्मा लिनसक्ने बताएका थिए । दाहालको उक्त अभिव्यक्तिविरुद्ध कात्तिक २४ मा परेको निवेदन सर्वोच्च अदालत प्रशासनले दर्ता गर्न मानेको थिएन । यी विषय सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारमा पर्ने भन्दै दर्ता गर्न अस्वीकार गरिएको थियो ।

ज्ञानेन्द्रराज आरणसहित १५ जनाले दिएको रिट दर्ता गर्न अस्वीकार गरिएको हो । ज्ञानेन्द्रराज तत्कालीन माओवादीबाट मारिएका रामेछापका टीकाराज आरणका छोरा छोरा हुन् । यस्तै, माओवादीद्वारा विस्थापित तथा घाइते बनाइएका रामेछापका कल्याण बुढाथोकीसहित आठ जनाले दिएको निवेदन पनि दर्ता भएको थिएन । त्यसविरुद्ध निवेदकहरू सर्वोच्चको इजलासमा पुगेका थिए । अदालतले गत १९ फागुनमा ती दुवै निवेदन दर्ता गर्न आदेश दिएको हो ।

- संक्रमणकालीन न्यायको मूल्य तथा मान्यताविपरीत आदेश आएको भन्दै माओवादीको आपत्ति
- माओवादी धारका सबै पार्टी एक हुनुपर्नेमा जोड
- संक्रमणकालीन न्यायका बारेका उठेका विषयलाई अविलम्ब टुंगोमा पुऱ्याउने नौ दलको निर्णय

### माओवादी केन्द्रको असहमति

नेकपा माओवादी केन्द्रले १० वर्षे जनयुद्धका क्रममा भएका घटनाबारे सत्यनिरूपण तथा बेपत्ता छानबिन आयोगले काम गरिरहेको उल्लेख गर्दै आयोगको क्षेत्राधिकारभित्रका विषयलाई असर पर्नेगरी कुनै पनि निर्णय नगर्न आग्रह गरेको छ । माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले आज प्रेस विज्ञप्तिमार्फत प्रतिगामी तत्त्व सलबलाइरहेका अवस्थामा अग्रगामी परिवर्तनका पक्षधर राजनीतिक शक्ति तथा पार्टी एकजुट हुनुपर्ने उल्लेख गरेका छन् ।

पार्टी अध्यक्ष दाहालले केही वर्ष पहिले दिएको अभिव्यक्तिलाई लिएर सर्वोच्च अदालतले रिट दर्ता गर्न दिएको आदेशप्रति पनि सो विज्ञप्तिमा आपत्ति जनाइएको छ । 'ज्ञानेन्द्रराज आरणले नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाल उपर दायर गरेको रिट निवेदन सर्वोच्चका रजिष्ट्रारले दर्ता गर्न नमिल्ने भनेकामा त्यसलाई बदर गरी रिट दर्ता गर्नु भनी यही फागुन १९ गते आएको अर्को आदेशप्रति गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिको छ ।

संविधानसभाबाट जारी भएको नेपालको संविधान र संघीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रतिनिधित्व र लोकतान्त्रिक गणतन्त्रका आधारभूत संरचनासहितका उपलब्धिविरूद्ध हुने कुनै पनि गतिविधिलाई माओवादी केन्द्रले अस्वीकार गरेको पनि (**बाँकी पृष्ठ २ मा**)

## द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनालाई विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गरेको छ । न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुँयालको संयुक्त इजलासले शुक्रबार जारी गरेको आदेशमा उक्त ठहर गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्धको मुद्दा दर्ता गर्न आदेश गरेको हो ।

आदेशमा शान्ति सम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानुन र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई यस्ता मुद्दा अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने उल्लेख छ ।

'विषयवस्तुको गम्भीरता र संवेदनशीलतातर्फ दृष्टिगत गर्दा यस प्रकारको रिट निवेदनलाई न्यायिक प्रक्रियामा प्रवेश हुन नदिने गरी दरपीठ गर्नु अनुचित हुन्छ,' आदेशमा भनिएको छ, 'तसर्थ पेस हुन आएको रिट निवेदन दरपीठ गर्ने गरी यस अदालतका (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## इजरायलले दोस्रो चरणमा ५०० कामदार लैजाने

■ प्रभाव संवाददाता



**काठमाडौं–** इजरायलले नेपालबाट दोस्रो चरणमा दीर्घकालीन स्याहार केन्द्र (केयर गिभर)का लागि ५०० कामदार लैजाने भएको छ । पहिलो चरणमा छनोट भएका एक हजार नेपाली कामदार इजरायल पुगिसकेका छन् । दोस्रो चरणमा पनि एक हजार नै कामदार लैजान नेपाल सरकारले गरेको अनुरोधमा ५०० नेपालीलाई मात्रै लैजाने जनाएको छ ।

आकर्षक श्रम गन्तव्यको रूपमा रहेको इजरायलमा नेपालीहरूको रोजगारीका लागि सरकारले नै आग्रह गर्दै आइरहेको वैदेशिक रोजगार विभागले जनाएको छ । बाध्यात्मक वैदेशिक रोजगारीको अवस्थामा नेपालीहरूलाई इजरायल पठाउनु बढी सुरक्षित र भरपर्दो देखिएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । उनका अनुसार एक हजार नेपालीलाई रोजगारी उपलब्ध गराउन इजरायली पक्षलाई अनुरोध गरे पनि ५०० जनामात्रै लैजान सकिने बताइएको छ ।

पहिलो चरणमा छनोट भएकामध्ये ६४ जना इजरायल जाने क्रममा रहे पनि भिसा आइनसकेको विभागले जनाएको छ । उनीहरूलाई इजरायल पठाएपछि मात्रै दोस्रो चरणको मागअनुसार केयर गिभरको आवेदन माग गर्ने विभागले तयारी गरेको छ । यद्यपि इजरायलले ५०० जना लैजाने बताए पनि हालसम्म कुनै औपचारिक जानकारी नआएको भुसालले बताए ।

यसका साथै कृषि तथा निर्माण क्षेत्रमा पनि नेपाली कामदार लैजान इजरायलले चासो देखाएको विभागले जनाएको छ । इजरायलले कृषि क्षेत्रमासमेत नेपाली लैजाने चासो देखाएपछि आवश्यक तयारीका लागि

> एक हजार नेपालीलाई रोजगारी उपलब्ध गराउन इजरायली पक्षलाई अनुरोध गरे पनि ५०० जनामात्रै लैजान सकिने बताइएको छ

श्रम रोजगार तथा सामजिक सुरक्षा मन्त्रालयले सुझाव तथा अध्ययन टोली गठन गरी काम गरिरहेको छ ।

त्यस्तै निर्माण क्षेत्रमा नेपाली कामदार लैजाने सम्बन्धमा इजरायलले यसअघि नै द्विपक्षीय वार्ता र छलफलका लागि वार्ता टोली गठन गरिसकेको बताइएको छ । उल्लिखित क्षेत्रमा एक/एक हजार कामदार लैजान इजरायलले सहमति जनाइसकेको विभागले जनाएको छ ।

## भैरहवाबाट पुनः उडान भर्दै जजिरा

**काठमाडौं (प्रस)–** नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा सञ्चालनमा आएको भैरहवा विमानस्थलबाट जजिरा एयरलाइन्सले पुनः उडान भर्ने भएको छ । कुवेतको प्रतिष्ठित विमान कम्पनी जजिराले साउदी अरेबियाका विभिन्न सहरबाट भैरहवा विमानस्थलमा सीधा उडान भर्ने भएको हो ।

जजिराले यही मार्च ८ देखि साउदीको पाँच सहर रियाद, जेद्दा, मदिना, ताइफ र हायलबाट साताको तीन दिन भैरहवामा उडान भर्ने जनाएको छ । भैरहवा विमानस्थल सञ्चालनमा आएपछि पहिलो कुवेत-भैरहवा उडान सुरु गरेको जजिराले यात्रु अभावमा उडान स्थगित गरेको थियो । विशेषगरी वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई लक्षित गर्दै उडान सञ्चालन गरेको जजिराको सेवा स्थगित भएपछि भैरहवा विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानमा संकट देखिएको थियो ।

जजिराले पुनः उडान भर्ने भएपछि गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट वैदेशिक रोजगारमा आवतजावत गर्ने नेपालीहरूलाई सहज हुने बताइएको छ । साथै उक्त एयरलाइन्सलाई यात्रु परिपुर्ति गरिदिने उदेश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि भैरहवा विमानस्थल नजिकै वैदेशिक रोजगारसम्बन्धी सबै सेवा दिने गरि कार्यालयसमेत सञ्चालनमा ल्याएको छ । जसका कारण हाल श्रम स्वीकृतिलगायतका वैदेशिक रोजगारसम्बन्धी सेवाका लागि सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यतासमेत हटेको छ ।






(बाँकी पृष्ठ २ मा)

## सर्वोच्चको आदेशले...

पृष्ठ १ बाट जारी

सो विज्ञप्तिमा उल्लेख छ ।

‘अध्यक्ष दाहालले संविधानप्रदत्त वाक स्वतन्त्रताको उपभोग गरी अमुक सार्वजनिक कार्यक्रममा व्यक्त विचारलाई अतिशयोक्तिपूर्ण ढंगले व्याख्या र तर्क गरी ती अभिव्यक्तिलाई कारबाहीको विषय बनाइनुपर्छ भनी पूर्वाग्रही भावनाले दायर भएको रिट निवेदन न्यायिक पुनरवलोकनको सामान्य सिद्धान्त तथा नेपालको संविधानले प्रदान गरेको विचार र अभिव्यक्ति स्वतन्त्रताको विपरीत भएको सम्बद्ध निकायलाई अवगत गराउन चाहन्छौं,’ विज्ञप्तिमा भनिएको छ ।

संक्रमणकालीन न्यायको मूल्य तथा मान्यताविपरीत हुने कार्य र गतिविधिले मुलुकमा स्थापित शान्ति प्रक्रियामा गम्भीर चुनौती सिर्जना हुने उल्लेख गर्दै माओवादी केन्द्रले आर्थिक समृद्धिसहितको थप राजनीतिक उपलब्धि संस्थागत गर्न सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ ।

### “माओवादी धारका सबै पार्टी एक हुनुपर्छ”

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराईले माओवादीका धारका सबै पार्टी नयाँ ढंगबाट पुनः एक हुनुपर्ने बताएका छन् । आइतबार यहाँ सहिद तथा बेपत्ता योद्धा सन्तति फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा उनले भने, ‘ हामीले आफ्ना कमीकमजोरीलाई छोडेर राम्रा पक्षसहित एकता कायम गर्नुपर्छ । त्यसका लागि छलफल र समीक्षा गरौं । माओवादीहरू नयाँ ढंगबाट एक हुन हुनुपर्छ ।’ उनले मिल्न सक्नेबीच एकता गर्नुअघि मोर्चा बनाएर छलफल गर्नुपर्नेमा जोड दिए ।

अध्यक्ष भट्टराईले प्रधानमन्त्री दाहालविरुद्ध मुद्दा लगाउनु माओवादीलाई आक्रमण गर्न खोज्नु र गिज्याउनु भएको अभिव्यक्ति दिए । ‘बहालवाला प्रधानमन्त्रीलाई मुद्दा लगाउने हो ? यो निहुँ खोज्या हैन ?,’ उनले भने ।

उनले माओवादीबीच एकता हुन नसक्दा यसअघि नै धेरै कुरा गुमाउन परेको गुनासोसमेत गरे । ‘पहिलो संविधानसभाबाट संविधान बनाएर जान सकेको भए योभन्दा राम्रो संविधान, सेना समायोजन र सहिद तथा बेपत्ता पारिएकासम्बन्धी आयोगको काम समयमै सम्पन्न हुने थियो । तर, अभागीलाई खानेबेला रिस उठ्छ भनेजस्तै हामीलाई रिस उठ्यो त्यो बेला, हामीबीच एकता हुन सकेन,’ उनले भने । नेतृत्व मोहका कारण राजनीतिमा पुस्तान्तरण हुन नसकेको उनको भनाइ थियो ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले सहिदको बलिदानको कदर हुन नसक्नु दुःखद भएको बताए । ‘देशको अवस्था परिवर्तन हुन नसके, सहिदहरूको बलिदानको सम्मान हुन नसके फेरि अर्को क्रान्ति अगाडि बढ्नेछ ।’

### नौ दलको साझा धारणा

सत्ता साझेदार नौ राजनीतिक दलले संक्रमणकालीन न्यायका बारेका उठेका विषयलाई अविलम्ब टुंगोमा पुऱ्याउने निर्णय गरेका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार बसेको नौ दलको संयुक्त बैठकले केही समययता संक्रमणकालीन न्यायबारे उठेका विषयमा हाम्रो ध्यान गम्भीररूपले आकृष्ट भएको उल्लेख गर्दै शान्ति प्रक्रियाका बाँकी कामलाई विस्तृत शान्ति सम्झौता र संविधानको भावनाअनुरूप तार्किक निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध रहेको उल्लेख गरेका छन् ।

बैठकपछि जारी संयुक्त विज्ञप्तिमा विगतमा सम्बन्धित विषयमा कानुन निर्माण र आयोग गठन गरी केही काम सम्पन्न भएको सर्वविदितै रहेको स्पष्ट पार्दै यसबारे बाँकी कामहरू अविलम्ब पूरा गरिने जनाइएको छ । द्वन्द्वकालीन घटनाबाट पीडित नागरिक एवम् उनका परिवारलाई न्याय दिन आवश्यक विधेयक सर्वोच्च अदातलको फैसलाबमोजिम कानुन बन्ने गरी संसद्को यसै अधिवेशनमा प्रस्तुत गर्ने संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

‘कानुन निर्माणका साथै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोग गठन गरिने छन् । मुलुककै महत्त्वपूर्ण ‘एजेन्डा’का रूपमा रहेको हामी सबैको साझा विषयलाई उचित निष्कर्षमा पुऱ्याउन सबैको सकारात्मक भूमिका र सहयोगको अपेक्षा गर्दछौं,’ विज्ञप्तिमा भनिएको छ ।

केही दिनयता जनताको त्याग र बलिदानबाट प्राप्त संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म एवं भावनाविपरीत भइरहेका केही क्रियाकलापतर्फ नौ दलले गम्भीर रूपले ध्यानाकृष्ट भएको विज्ञप्तिमा उल्लेख गरेका छन् । ‘संविधानले नचिनेका नदेखेका तथा कथित पदका नाममा गरिने संविधानविपरीतका गतिविधि र तिनलाई सहयोग गर्ने क्रियाकलापहरू लोकतन्त्र विरोधी अवाञ्छित हुन् भन्ने विषयमा हामी एकमत छौं । संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि एकजुट भई अगाडि बढ्ने दृढता व्यक्त गर्दछौं,’ संयुक्त विज्ञप्तिमा भनिएको छ ।

संयुक्त विज्ञप्ति प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ र जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले जारी गरेका हुन् ।

## द्वन्द्वकालका...

पृष्ठ १ बाट जारी

रजिष्ट्रारबाट मिति २०७९/७/२४ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिएको छ, अन्य कुराको रीत पुगेको भए प्रस्तुत रिट निवेदन दर्ता गरी अरू नियमानुसार गर्नू ।’

आदेशमा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गर्दै भनिएको छ, ‘त्यस्ता संक्रमणकालीन निकायहरू निष्क्रिय रहेको र कानुन निर्माणसमेतको कार्य प्रभावकारी भएको देखिनुपर्ने अवस्थामा संक्रमणकालीन न्यायिक संयन्त्रबाट सुनुवाइ नै नभएको वा प्रभावकारी न्याय प्राप्त हुन नसकेको विषयलाई लिएर पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने कुरालाई संविधानसम्मत, न्यायोचित र तर्कपूर्ण मान्न पनि मिल्दैन ।’

सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोग लगायतका संयन्त्रहरूबाट अपेक्षित सार्थक परिणाम आउन बाँकी नै रहेको र यस्ता आयोगहरू पनि हाल निष्क्रिय प्रायः रहेको भन्ने निवेदकको जिकिर रहेको देखिएको आदेशमा छ । अदालतले यस्तो अवस्थामा नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, मानवअधिकारलगायत सशस्त्र द्वन्द्वकालमा पीडित भएका नागरिकले पाउनुपर्ने परिपूरण, क्षतिपूर्तिसमेतका न्यायसम्बन्धी हकका प्रश्नहरू उठाई रिट निवेदन दायर गर्न ल्याएको पाइएको र फौजदारी न्याय प्रक्रिया निष्क्रिय, शून्य वा निष्प्रभावी अवस्थामा रहनु नहुने व्याख्या गरेको छ ।

सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको शान्ति सम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानुन र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउनुपर्ने आदेशमा उल्लेख छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३०४ फागुन २१ गते २०७९ मा प्रकाशित Diyalo International Employment Agency Pvt. Ltd. को Lot No. 281759 को विज्ञापनमा कम्पनीको नाम Qatar Maintenance & Services Company हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np


### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२२**

यस ग्रामिण महिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको **खयर जातको गोलिया थान १०६ को १६३.९६ घ.फि. गोलिया काठ** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री ग्रामिण महिला सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-६ बर्दिया**

### कम्पनीको नाम परिर्वतन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७९/११/२२**

यस कम्पनीको मिति २०७५/१०/१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **सप्तभूमे इन्टरप्राइजेज प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.(प्रा.लि.नं.२००३२५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित २०७९/११/२२ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/२०७९ मा सकंलन गरी समूहको घाटगद्दीमा भएको सालको काठ/ दाउरा यस समूहका उपभोक्ता सदस्यहरुमा खपत भई छिमेकी समूहका उपभोक्ताहरुलाई आन्तरिक खपत भई बाँकी रहेको काठको लागि यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोहि कसैको निवेदन पर्न नआएको हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको साल १९४ थान गोलिया २१६०.४२ क्यु.फिट. काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस सा.व.उ.स कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २१ औं दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह**
मोहन्याल गाउँपालिका-०३, कैलाली


### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN BHD
पुर्व स्वीकृति मिति २०७९/०८/२८ पुन : विज्ञापन स्वीकृति मिति २०७९/११/२१ LT No :277706 चलानी नं. ६०१९३३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD. श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, E-mail : saugatemployment1221@gmail.com

### CYPRUSमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COSTAS THEODOROU
पुर्व स्वीकृति मिति २०७९/११/२१ LT. No. 281941 चलानी नं. ६०१९७६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers (Female) | 0 | 20 | 314 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd. श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TALAI AL ARKAN FOR CONTRACTING EST
पुर्व स्वीकृति मिति २०७९/११/२१ LT. No. 282181 चलानी नं. ६०१९७५४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Labour | 1 | 0 | 1500 | ५२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd. श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAID HAMED FARM
पूर्व स्वीकृति मिति: २०७९/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२१ LT . No. 263733 चलानी नं. ६०१७९९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 2 | 0 | 1000 | ३४,९४० | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A DELICIOUS FAST FOOD RESTAURANT
पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT . No. 281852 चलानी नं. ६०१९७६०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Edible Oil Products Machine Operator | 2 | 0 | 1800 | ६२,८९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,९४० | | | | | | | |

कम्पनी : BAITEK WAIN MAINT AND CLEANING EST.
पूर्व स्वीकृति मिति: २०७९/११/१९ LT . No. 282082 चलानी नं. ६०१९७६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Cleaner | 2 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd. श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SOOR PROVIDE LOGISTICS SERVICES
पूर्व स्वीकृति मिति : २०७९/११/२१ LT. No.282051 चलानी नं. ६०१९७५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 21 | 0 | 200 | ८५,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker (Mechanic) | 2 | 0 | 250 | १०६,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ३ गते (15th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd. श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SAEED ABDULLAH AL ATAT AL QAHTANI FACTORY FOR INDUSTRY
पुर्व स्वीकृति मिति २०७९/११/२१ LT. No. 282179 चलानी नं. ६०१९७६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 10 | 0 | 1800 | ६२,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd. श्रम ईजाजत नं. ८२०/०६६/०६७
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

### मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUNG THONG FOOD TECHNOLOGY
पूर्व स्वीकृति मिति २०७९/११/१९ LT. No. 281881 चलानी नं. ६०१९७६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WIWYNN TECHNOLOGY SERVICE MALAYSIA SDN BHD
पूर्व स्वीकृति मिति २०७९/११/२१ LT. No. 282151 चलानी नं. ६०१९७६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 100 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AYED FAHAID AYED AL WADAIN DOSERY TRANSPORT
पूर्व स्वीकृति मिति २०७९/११/१९ LT. No. 281975 चलानी नं. ६०१९७५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Car Driver | 2 | 0 | 1500 | ५२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd. Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

### मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BW SIM HUAT TIMBER SDN BHD
पूर्व स्वीकृति मिति २०७९/११/१८ LT. No.281923 चलानी नं.६०१९७३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 281923 मिति: २०७९/११/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

MOBHIRA H.R. SERVICE PVT. LTD. श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

### साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF MAHMAL SUPPORT SERVICES CO.LTD.
पूर्व स्वीकृति मिति : २०७९/११/१९ LT. No. 281981 चलानी नं. ६०१९७५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 4 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTRA-MOLD HOLDINGS SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/११/१९ LT. No. 281991 चलानी नं. ६०१९७५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 29 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd. Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

# बोलेरो दुर्घटनामा २ को मृत्यु, ११ घाइते

■ प्रभाव संवाददाता

**ओखलढुंगा–** ओखलढुंगामा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । चिशंखुगढी गाँउपालिकाबाट ओखलढुंगाको सदरमुकाम जाँदै गरेको बोलेरो जीप वडा नं.३ दियालेको राहुटार नजिकै दुर्घटना भएको हो ।

दुर्घटनामा परी चिशंखुगढी–३ का ७० वर्षीय भक्तबहादुर थापा र ५२ वर्षीय मीनबहादुर श्रेष्ठको मृत्यु भएको ओखलढुंगाका प्रमुख प्रहरी नायब उपनिरीक्षक दीपक केसीले जानकारी दिए । दुर्घटनामा परी ११ घाइते भएका छन् । तीमध्ये केहीलाई उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौं पठाइएको चिशंखुगढी गाँउपालिकाका अध्यक्ष निशान्त शर्माले बताए । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर छ । पाँच जना यात्रु बोक्ने क्षमता भएको बोलेरोमा १३ सवार थिए । क्षमताभन्दा बढी यात्रु बोकेका कारण बालेरो अनियन्त्रित भई दुर्घटना भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

## हेलिकप्टरमार्फत उद्धार

ओखलढुंगामा सवारी दुर्घटनमा परी घाइते भएका १० जनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । सबै घाइतेहरूको नेपाली सेना र कैलाश एयरको हेलिकप्टरबाट उद्धार गरी उपचारका लागि काठमाडौं पठाइएको हो ।

दुर्घटनाका परी गम्भीर घाइतेहरू चिशंखुगढी गाउँपालिका–३ का चालक २५ वर्षीय सुमन कार्की, २६ वर्षीया शर्मिला श्रेष्ठ, वडा नं. १ का २२ वर्षे खेमबहादुर खत्री र वडा नं.२ का ४० वर्षे केन्द्रबहादुर कार्कीलाई उपचारका लागि कैलाश एयर हेलिकप्टरमार्फत काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रमुख प्रहरी नायब उपरीक्षक दीपक केसीले बताए ।

उनका अनुसार नेपाली सेनाको हेलिकप्टरबाट चिशंखुगढी गाउँपालिका–२ की १३ वर्षे आयुशा श्रेष्ठ, सोही वडाका ५७ वर्षीया तिलकुमारी श्रेष्ठ, सिद्धिचरण नगरपालिका–१० बेतेनीकी ४० वर्षीया तुलसा धमला र उनका दुई वर्षीय छोरा विनय धमला, चिशंखुगढी–३ की चार वर्षीय लरिसा श्रेष्ठ र सोही स्थानकी ५० वर्षीया तीर्थलक्ष्मी श्रेष्ठलाई उपचारका लागि काठमाडौं पठाइएको छ ।

## मुख्यमन्त्री शाहलाई...

पृष्ठ १ बाट जारी

मुख्यमन्त्री शाहले प्रदेशसभाबाट सजिलैसँग विश्वासको मत पाएका हुन् ।

गत मंसिरको चुनावलगत्तै मुख्यमन्त्रीमा नियुक्त नेकपा एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले तोकिएको समयभित्र प्रदेशसभामा विश्वासको मत पाउन असफल भएपछि पदबाट राजीनामा दिएका थिए । एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति, राप्रपाका गरी बहुमत सदस्यको समर्थनमा रावल मुख्यमन्त्री नियुक्त भएका थिए । विश्वासको मत लिनेबेला भने नागरिक उन्मुक्तिले विश्वासको मत दिन नमानेपछि रावल पदमुक्त भएका थिए । त्यसपछि शाह गत माघ २६ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADAAR THATTUKADA RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/११/१९ | LT. No. 281913 | चलानी नं. ६०१९७५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 2 | 0 | 1000 | ३६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९

सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DETONATOR BLASTING & COTRACTING CO LLC

पुर्व स्वीकृति मिति २०७९/११/१४ | LT. No. : 282018 | चलानी नं.: ६०१९७५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasting Worker | 20 | 0 | 120 | ४०,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**

Govt. License 128/055/56

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458

E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : Powerstaff CA Private Employment Agency

पूर्व स्वीकृति मिति २०७९/११/१८ | LT No : 281939 | चलानी नं ६०१९७३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKERS | 2 | 18 | 315 | ४३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KARMA INTERNATIONAL EMPLOYMENT SERVICES (P) LTD.**

श्रम ईजाजत नं. ६४३/०६३/६४

Gyaneshwor, Kathmandu, Nepal, Tel: +977 01 4424152

E-mail: office@karmaemployment.com

## ZERO COST RECRUITMENT FOR MALAYSIA

### शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomdation &TransportationFrom Interview To Deployement.

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

COMPANY: ENCOMPASS INDUSTRIES SDN BHD

कम्पनी : इन्कम्पास इन्डष्ट्रिज एसडीयन.बीएचडी.

Pre Approval Date : 2022-06-25 | Post Approval Date : 2023-02-24 | LT. No. 265686 | Invoice No. 60181774

पूर्व स्वीकृति मिति : २०७९/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१२ | एल टि न. २६५६८६ | चलानी नं. ६०१८१७७४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker (Manufacturing Sec.) | ४०० 400 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४४,७८० 44,780 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Applicants are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. MHR do not have any sub agents

आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौ । यस कम्पनीमा जानका लागि कामदारबाट कुनै पनि शुल्क लिइने छैन् । यस मास ह्युमन रिसोर्स प्रा.लि को मध्यस्वकर्ता छैनन् ।

We will give equal oppurtunities for all the applicants who are willing to join for this recruitment

यस कम्पनीमा जान इच्छुक आवेदकहरुलाई हामी कुनै भेदभाव विना समान अवसर प्रदान गर्दछौ ।

MHR holds zero tolorence towards any kind of corruption,misconduct,If anyone shows any kind of false temptations,financial demands or force to involve into any illegal activity. All our valuable stakeholders are welcome to reach us through our hotline no.+977-1-4983080 or email: grievance.masssmngt@gmail.com directly. MHR will maintain your privacy

हामी कुनै पनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभ, आर्थिक माग र कुनै अवैभ क्रियाकलाप गर्न/ गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवलाहरुलाई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

Interview will be conducted on 6/7/8th March, 2023 in Office Premises.

अन्तर्वाता मिति २०७९ फागुन २२/२३/२४ गते कार्यालय परिसरमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीबन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**

An ISO 9001:2015 CERTIFIED COMPANY

(ISO Certified Ethical Recruitment Company)

SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765

Govt. License 938/067/068


# भावपूर्ण श्रद्धाञ्जली



जन्म : १९९७ कात्तिक २० गते

स्वर्गारोहण : २०७९ फागुन ९ गते

## स्व. जन्मराज राई

यस *प्रभाव पब्लिकेसन प्रा.लि.*की अध्यक्ष *लालसरा राई*ज्यूको खोटाङ जिल्ला, हलेसी तुवाचुङ नगरपालिका–७, ऐसेलुखर्क निवासी पूज्यनीय बुबा **जन्मराज राई**को यही मिति २०७९ फागुन ९ गतेका दिन ८२ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएको आज **१३औं दिनको पुण्यतिथि**मा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली एवं मृतात्माको चीर शान्तिको कामना गर्दछौं । साथै, शोकमा पर्नुभएका परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

**कृष्णबहादुर कार्की**

**प्रबन्ध निर्देशक**

**तथा**

**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**

**सिफल, काठमाडौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सभ्यरूपमा मनाऔं होली

आज फागु पूर्णिमा । फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा (होली) पर्व आज हिमाली एवं पहाडी जिल्लामा मनाइँदै छ । रङ र लोला खेली मनाउने यो पर्वलाई रङहरूको पर्व पनि भनिन्छ । वसन्त ऋतुको आगमनसँगै आउने फागु पर्वले आपसी मेलमिलाप र सद्भावनाको सन्देश दिने गर्दछ । परम्परागतरूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ ।

फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रूखलाई रंगीचंगी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु सुरु हुन्छ । आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको १० पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ ।

त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ । यसैगरी, द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको छ ।

सद्भावपूर्ण पर्व होलीमा जथाभावी लोला र रङ हान्ने विकृति पछिल्लो समय नियन्त्रणमा आएको देखिन्छ । विगतमा यस्तो कार्यले होलीलाई विकृत बनाएको थियो । महिना दिनअघिदेखि नै रङ, लोला र पानी छ्याप्ने, बाटोमा हिँड्नसमेत कठिन हुने अवस्था काठमाडौं उपत्यकामा थियो । तर, अहिले यस्तो देखिँदैन । आफ्नो साथीभाइ, समूहबीचमा मात्रै रङ र लोला हानेर होली मनाउने गरिएको छ । यो सकारात्मक पाटो हो । यद्यपि, होलीमा फोहोर पानीको प्रयोग, जथाभावी रङको प्रयोग गर्नाले स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने कुरामा ख्याल गरिँदैन । कतिपयले मदिरा सेवन गरी झैझगडा गर्ने गरेका विगतमा देखिएका थिए । यस्तो कार्य गरिनु ठीक होइन ।

होलीलाई सभ्य तरिकाले मनाउन सके यसको महत्त्व बढ्नेछ । यसले समाजमा सद्भाव बढाउन विशेष भूमिका खेल्ने कुरामा दुई मत छैन । त्यसैले यो पर्वलाई सभ्य बनाउन आ-आफ्नो स्थानबाट सबै जिम्मेवार बन्न जरुरी छ । रङहरूको पर्व होलीले सबैमा खुसी र सुख प्राप्त होस्, शुभकामना !!

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाइहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमश:

# होली एक, कथा प्रसंग अनेक



पदम श्रेष्ठ

वसन्त ऋतुको आगमन र हेमन्त ऋतुलाई बिदाइ गरिने यस पर्वमा होली गीत गाउँदै खुलेर रङ छ्यापाछ्याप गरेर मन साट्ने हुँदा यस पर्वलाई 'भ्यालेन्टाइन डे' का रूपमा लिइन्छ । फागुन शुक्ल अष्टमीका दिन राजधानीको वसन्तपुरमा जीवित देवी कुमारी घर अगाडि रंगीचंगी कपडाको छत्रझल्लरको चीर उठाएपछि पूर्णिमासम्म आठ दिन मनाइन्छ, होली पूर्णिमा । विभिन्न तौरतरिकाबाट यो पर्व मनाइन्छ ।

नेपाल विचित्रको छ । यहाँ एकै जात थरभित्र पनि थुप्रै संस्कार मान्नेहरूदेखि एकै पर्व पनि अनेक जाति सम्प्रदायपिच्छे छुट्टाछुट्टै आख्यान, इतिहास, तौरतरिकाबाट मनाउनेहरू समेत पाइन्छन् । तर, विनाविवाद, विनाछलछाम आ-आफ्नो पर्व संस्कार आ-आफ्नै ढंगमा मनाउने गरिरहेका हुन्छन् । यसै क्रममा आजभोलि नेपाली भ्यालेन्टाइन पर्व होलीबारे विभिन्न सम्प्रदायमा प्रचलित संस्कारबारे उल्लेख गर्न गइरहेको छु । होली वा फागु पर्वलाई धेरै समुदायले प्रेम सम्बन्धको पर्वको रूपमा मानेता पनि थकाली समुदायले होली पर्वलाई पुर्ख्यौली थलो, पुर्खा पूजा र नयाँ वर्षका रूपमा मनाउने गर्दै आइरहेको पाइन्छ ।

थकाली समुदायले मनाउने तोरन्ल्ह एक पूजा संस्कार हो । फागु पूर्णिमाको दिन हिमालपारिको जिल्ला मुस्ताङका आदिवासी थकालीहरू पितृशान्ति र कुल पूजा गर्दै तोरन्ल्ह मनाउँदछन् । मूलत: व्यापारी नै भएकाले चारचनले छुट्टाछुट्टै चार रङका महालक्ष्मीको आराधना गर्दछन् । फागु पूर्णिमाको एक दिन अगाडि मध्यराति नुहाइधुवाइ नयाँ लुगाका साथ पितृशान्तिका लागि चाँदीका कचौरामा चौरीको नौनीको दियो बाल्ने गरिन्छ । साथमा जाँड, रक्सी, दूध पनि पितृलाई मन्साउँछन् । सेलरोटी, माछामासुका परिकारको भव्य तयारीसँग चारचन अर्थात् गौचनले ल्ह ताङवा न्हुर्बु (रातो प्रतीक) देवी, तुलाचनले ल्ह छ्युरिन ग्याल्मो (हरियोको प्रतीक) देवी, शेरचनले ल्ह क्हङला सिङकी (सेतो प्रतीक) देवी र भट्टचनले ल्ह क्ह हचावा न्हया-हयाङज्यूङ (कालो प्रतीक) देवी साझा महालक्ष्मीदेवी अर्थात् ल्ह नरीच्ह्चोवदेवीको भव्य पूजा आराधना गर्ने गर्दछन् ।

भनिन्छ, मुस्ताङको मुक्तिनाथ उनै चारचन कूलदेवी ल्ह नरीच्ह्चोव (महालक्ष्मी)को प्रतीक हुन् भने चारचनका विभिन्न रङ प्रतीक देवीदेवता मुस्ताङ राज्यभर ठाउँ-ठाउँमा प्राकृतिक देवताका रूपमा रहेका छन् । यी चारचनको चार रंगयुक्त ध्वजापताका टाँगी, थकालीहरू सिकारी युगको स्मरण गर्दै प्रतियोगितात्मक धनु तारो हान्ने खेल्दछन् । प्रतियोगितामा जित्नेलाई फलामको पुरस्कार दिने गरिन्छ । थकाली स्वायत्त राज्य थासाङ- (मुस्ताङ)मा मनाइने तोरन्ल्हकै अवसरमा मुखिया छान्नेदेखि ढुकुटी प्रथालाई कसरी समयसामेक्ष परिमार्जन गर्दै जानेबारे छलफल पनि गर्दछन् ।

थकालीहरू महालक्ष्मी माता अर्थात् ल्ह नारीच्योको प्रतापले ढुकुटी प्रथाका माध्यमबाटै समृद्धि हासिल गर्न सकेको विश्वास गर्दछन्, तोरल्ह उनै देवी र पुर्खाको स्मरणमा मनाइने पर्व हो । चारचन थकालीहरू गौचन, शेरचन, तुलाचन र भट्टचनले फागु पूर्णिमाका दिन मनाउने यस पर्वलाई तोरन्ल्ह भनिएजस्तै मार्फाली थकाली ज्वारचन, लालचन, पन्नाचन र हिराचन समुदायमा यसै पर्वलाई तेर्मी नाउँबाट मनाउँद छन् । थकालीभित्रका चिम्तन, बाह्रगाउँले स्याङतन, तांवे, ठिम्तनहरूमा पनि तोरन्ल्ह छुट्टाछुट्टै नाउँबाट मनाइन्छ ।

**खिमी चुंगी:**

थकाली क्षेत्र थासाङले कालिगण्डकीमा पितृपूजाबाट सुरु हुने तोरन्ल्ह विभिन्न खालका तारो खेल र नाचगान गरी मनाइन्छ । एक सातासम्म आफन्तलाई बोलाई मिठो मसिनो खाई खिमी चुंगी मनाउँदछन् ।

**पर्वको पहिलो दिन:**

थकालीको उद्गमस्थल मानिने कोवाङमा रहेको कोटघरमा चारचन चार देवताजस्तै गौचनको ल्हाङवा न्हुर्बु, तुलाचनको ल्ह ध्यूरीन ग्हचल्मो शेरचनको ल्ह क्हाङला कर्पो र भट्टचनको न्हचाव हाङज्युङलाई फागु पूजा गरिन्छ ।

**दोस्रो दिन:**

ठाउँ-ठाउँमा तारो थापी गाउँका युवा, केटाकेटीदेखि वृद्धसम्म धनु हान्ने रमाइलो गर्ने बाजी थाप्नेसम्म गर्दछन्

**तेस्रो दिन:**

देव पूजा, पितृ श्राद्ध जारी रहे पनि आफन्त भेटघाट गरी पर्वलाई महान बनाउन तल्लीन रहन्छ । थकालीमा पर्वमा त्हशर (धनुपा),महिलाहरू नकस (तास) नाकाभोटे-(कौडा) खेल्ने मिठो खाई रमाइलो गर्छन् ।

**ल्ह फेव १२ वर्ष पर्व :**

प्रत्येक १२ वर्षमा थकाली आदिभूमि थाकखोलामा १७ दिन लाग्ने धार्मिक ल्ह फेव मौलिक पर्व मानिन्छ । ल्ह पर्वमा देशविदेश छरिएका थकालीहरूले पुर्ख्यौली भूमि मुस्ताङ जसरी पनि पुग्ने गर्दछन् । पर्व मनाउँदा च्योकी (गौचन) थरको देवता ल्ह लाङबा न्हुर्वु, साल्की (तुलाचन)को देवता ल्ह छ्युरिन ग्यल्मो, ढिमचन (शेरचन)को देवता ल्ह घांला सिंकिकर्पो र भूर्की भट्टचनको देवता ल्ह हचावान्हाङज्युको श्रद्धाभक्तिपूर्वक पूजा र मृगको सिकार, गोरू बनेर खेत जोत्ने, मल छर्ने र बीउ छर्ने प्रक्रिया गर्दछन् । यस परम्परागत संस्कारले थकाली समुदाय व्यापारी भए पनि आदिकालमा किसान नै रहेको प्रमाणित गर्दछ । पर्वका अवसरमा जेठी चेलीबेटीले १२ वर्षभित्रमा विवाह, व्रतबन्ध, घर निर्माणलगायत आयस्रोतका रचनात्मक अवसरको खुशियाली साट्दै रकम संकलन गर्दछन् । जुन परम्परालाई छेयाङक्यु भनिन्छ । त्यसबाट उठेको रकमबाट मिठो मसिनो खाने गरिन्छ भने एक दिन छेयाङक्यु खान आफ्ना माइतीहरूलाई निम्ता गर्दछन् र संस्कृति आदानप्रदान गर्ने अवसर मिल्दछ ।

**ल्ह छ्योव (कुल देवता पूजा):**

थकालीहरू प्रत्येक वर्षको मंसिर महिनामा ढोम पुजारीद्वारा ल्ह छ्योव अर्थात् कुलदेवता पूजा गर्ने गर्दछन् । ल्ह छ्यो कुल पूजामा छोरी-ज्वाइँ मावलीलाई अनिवार्य सहभागी गराउनुपर्ने संस्कार पाइन्छ । ढोमले ज्वाइँलाई धुपी, रातो भाले, भेँडा आदि ल्याउन लगाइन्छ । ढोम (परम्परागत पूजारी)ले पूजा सकेपछि शुभ-अशुभको भविष्यवाणी गरिन्छ । पूजा सकेको लगत्तै भेँडा काटेर भोज खुवाई दोहोरी गीत गाउने परम्परा छ ।

**नेवार समुदायमा प्रचलित होली**

अविरया होली तँ चायाला ल्यासे, अविरं छङगु ख्वा हिसि दयकाबिई

न्हापालिपा मछासां थौंला प्याखं हुला क्यों, ख्वालय् मखु नेतालय् अबिर तया क्यों

वसन्त ऋतुको आगमन र हेमन्त ऋतुलाई बिदाइ गरिने यस पर्वमा होली गीत गाउँदै खुलेर रङ छ्यापाछ्याप गरेर मन साट्ने हुँदा यस पर्वलाई 'भ्यालेन्टाइन डे' का रूपमा लिइन्छ । फागुन शुक्ल अष्टमीका दिन राजधानीको वसन्तपुरमा जीवित देवी कुमारीघर अगाडि रंगीचंगी कपडाको छत्रझल्लरको चीर उठाएपछि पूर्णिमासम्म आठ दिन मनाइन्छ, होली पूर्णिमा । विभिन्न तौरतरिकाबाट यो पर्व मनाइन्छ ।

**सिंहसार्थबाह होली र सिगै राँगाको मासु:**

परापूर्वकालमा थँबहिल (ठमेल) निवासी व्यापारी सिंहसार्थवाह ७०० व्यापारीका साथ तिब्बतको ल्हासा पुगेर फर्कंदा ब्रह्मपुत्र नदी पार गर्न लाग्दा अतिसुन्दरी भेषमा राक्षसनीहरूले प्रेमजालमा फसाउँछन् र राति राक्षसनीले आहारा बनाइदिन्छन् । तर, सिंहसार्थवाह मात्र करुणामय भगवान्को प्रतापले वायुपंखी घोडामा बसी काठमाडौं पुग्न सक्षम हुन्छन् । यही खुसीयालीमा प्रत्येक वर्ष वसन्तपुर कुमारी घरनेर चीर उठाइ हर्षोल्लासपूर्वक सप्ताहव्यापी होली मनाउन थालियो । उनै राक्षसनीको प्रतीकृतिस्वरूप फागु पूर्णिमाको रात वसन्तपुरमा चीर लगी टुँडिखेलमा दहन गर्ने र इतुम्बहालबाट एउटा सिंगै राँगाको मासु र एकमुरी चामलको भात गुरुमापालाई चढाउने गरिन्छ ।

अर्को आख्यानुसार रोएर दु:ख दिने बच्चाबच्चीलाई फकाउन जब आमाबाबुले 'चुप लाग नत्र गुरुमापालाई दिएर पठाइदिन्छु' भने गुरुमापा रातमा आई साँच्चै लिएर गई खाइदिन्थे । यसबाट आजित अभिभावक इतुम्बहालका निर्माता केशचन्द्रकहाँ शरण लिन पुग्दा गुरुमापालाई वाचा गराइन्छ कि प्रत्येक वर्ष फागु पूर्णिमाको रात एक मुरी चामलको भात र एउटा सिंगै राँगाको मासु चढाइनेछ, यसको बदलामा बालबच्चाको रक्षा गर्नुपर्नेछ । यही वाचाअनुसार वसन्तपुरको नेपालका सम्पूर्ण जातजातिले पहिरने कपडाहरूको प्रतिनिधित्व रहने झल्लर टुँडिखेलमा बिसाउन लैजाँदा राँगाको मासुभात लैजाने र प्रसादको रूपमा बाँड्ने परम्परालाई केही वर्षदेखि मारवाडी समुदायले चिर दहन गरी होलीका दहनका रूपमा सहभागिता जनाउँदै आइरहेका पाइन्छ ।

**चकंद्य: थाबहिल जात्रा र सिंह सार्थबाह:**

फागुन शुक्ल अष्टमीमा वसन्तपुरमा चीर उठाएकै दिन ठमेलस्थित विक्रमशील महाविहार थँबहिलको गजुरदेखि भुईंसम्म तोरण पतकाद्वारा अभिषेकपछि होली पर्व सुरु हुन्छ । आठ दिने होली विधिपूर्वक चीर जलाएपछि थँबहिलको चकंद्य: जात्रा ज्याठा, छुस्या बहाल, असन, इन्द्रचोक, हनुमानढोका, कुमारीघर, मरु नगरपरिक्रमा गरी मनाइन्छ । त्यहाँबाट प्याफल, नरदेवी, टेंगल, बांगेमुढा, ठँहिटी, क्वाबहालहुँदै थँबहिल भित्र्याएपछि जात्रा सम्पन्न हुन्छ ।

**चाँगुनारायण खटजात्रा:**

भक्तपुरको चाँगुनारायण वंशगोपालकृष्ण रथयात्रा प्रत्येक वर्ष फागु पूर्णिमाका दिन खटजात्रा हुने गर्दछ । कृष्ण-राधाबीचको रङ खेललाई आधार बनाई हुने चाँगुनारायण वंशगोपाल खटजात्रा तान्त्रिक अनुष्ठान पूजापाठसहित राधाकृष्ण रुक्मिणीको सुन्दर मूर्तिसहित नगरपरिक्रमा गर्दै मनाइन्छ । सिन्दूरे जात्रा गर्दै चाँगु क्षेत्रको बलम्बु, तखादों, ढोका टोलमा परिक्रमा गर्ने गरिन्छ ।

**तराई क्षेत्रमा होली पर्व:**

सत्य युगमा विष्णुभक्त प्रल्हादलाई आफ्नै पिता दैत्यराज हिरण्यकश्यपुरले हत्या गर्न गरेको अनेक प्रयासबाट पनि केही नलागेपछि आफ्नै बहिनी होलिका (जसले शिव भगवान्को आगोबाट नडढ्ने वरदान पाएकी थिइन्)को काखमा राखी जलाउन खोज्दा होलिका जलिन् तर प्रल्हाद जस्ताको तस्तै आगोबाट बाहिर निस्किए । असत्यमाथि सत्यको विजयस्वरूप होलिका दहन उत्सव फागुन शुक्ल प्रतिपदाका दिन तराई र भारतमा हर्सोल्लासपूर्वक होली मनाइन्छ ।

त्यसैगरी द्वापरयुगमा कृष्णलाई मार्न गोकुल पठाइएको पुतना राक्षसनीको स्तन चुसेर मारिदिएको खुसीयालीमा होली खेल्न थालिएको कथन छ भने शिवपुराणमा सतीदेवीको वियोगमा तपस्या गरिरहेका शिवलाई कामवाण प्रहार गरी ब्युँझाउने दुष्प्रयास गर्ने कामदेवलाई तेस्रो नेत्रद्वारा भष्म गरिएको खुसीमा होलीको अर्को आख्यान पाइन्छ ।

**मिथिला होली:**

मिथिला क्षेत्र (जनकपुर) परिक्रमाको सातौं दिन फागुन शुक्ल सप्तमीका दिन राम र सीताका सखीबीच होली खेलेको सम्झना गर्दै भव्य फागु खेलिन्छ । त्रेतायुगको सो पर्वको स्मृति गर्दै होली खेल्न बिहान सबेरै ध्रुवकुण्डबाट रङ अबिर खेल्दै आठ किलोमिटर यात्रासहित जनकपुरको रामजानकी मन्दिरमा अबिर अर्पणपछि कञ्चनवनमा होलीको सुरुआत गरिन्छ । मिथिलावासी होली कञ्चनवन सीता रामबीच यौनक्रिया भएको पवित्र दिनका रूपमा लिइन्छ ।

## पत्र-मञ्जुषा

### जनताबाटै राजनेताको खोजी गरौं

मुलुकमा राजतन्त्र फालेर गणतन्त्र ल्याइयो । पुरानो राज्य संरचना परिवर्तन वा पुनर्संरचना गरी संघीय प्रणालीमा लगियो । अहिले सातवटा प्रदेश र ७५३ स्थानीय तह बनाइएको छ । यसरी पुनर्संरचना भएपछि प्रदेश तथा स्थानीय तहहरूको एक कार्यकाल बितिसकेको छ । पहिलो कार्यकाल भएकाले संस्थागत संरचना निर्माण गर्ने काम गरेका छन् । प्रदेश र स्थानीय तहहरूले जग बसाउने काम भएको छ । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

तर, मुलुकमा गणतन्त्र, संघीयता आए पनि जनताले खास परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । जनताले उही महँगी, बेरोजगारी, बेथिति, राजनीतिक अस्थिरता भोग्नु परिरहेको छ । युवाहरू विदेशिने क्रम झन् बढेको छ, चाहे रोजगारीका लागि होस् वा शिक्षा आर्जनका लागि । भ्रष्टाचार, अनियमितता, विकास निर्माणका कार्यमा अस्तव्यस्तताबाट जनताले मुक्ति पाउन सकेका छैनन् । व्यापार व्यवसायको अवस्था दयानीय छ । मुलुकको आर्थिक अवस्था झन् कमजोर बन्दै गएको छ । यसले जनतामा निराशा बढाउने काम गरेको छ । त्यही कारण अहिले आमजनताको प्रश्न हुन्छ, आखिर परिवर्तन के भयो ? कसका लागि भयो ?

यो अत्यन्त गम्भीर र पेचिलो प्रश्न बनेको छ । मुलुकको वास्तविक अवस्था पनि यही नै छ । तर, दलहरू उही कुर्सीको खिचातानीमा निरन्तर लागिरहेका छन् । कसलाई कुन पदमा स्थापित गर्ने, कसलाई कहाँ सेटिङ गर्ने, कहाँ कसको मान्छे नियुक्ति गर्ने भन्ने गोलचक्करबाट दलहरू बाहिर आउन सकेका छैनन् । चुनावमा राजनीतिक स्थिरता, विकास र समृद्धिको नारालाई सबैले चर्कोसँग उठाए । आकर्षक घोषणापत्र बनाए । जब चुनावबाट निर्वाचित भएर गएपछि भने भागबण्डा र कुर्सी तानातानमै दलहरू रुमल्लिएका छन् । यो प्रवृत्तिले मुलुकलाई दिनानुदिन संकटतर्फ धकेलिरहेकोमा दलहरूको ध्यान गएको छैन । मुलुकलाई स्थिरता प्रदान गर्ने, मुलुकको विकास जर्ने जनताका आकांक्षा र समस्याहरूलाई सम्बोधन गर्ने सवालमा कुनै पनि दल, कोही पनि नेता गम्भीर भएको पाइएन । यो प्रवृत्ति मुलुकको लागि साँच्चिकै दुर्भाग्यपूर्ण हो ।

वर्षौंदेखि परिवर्तनको अपेक्षामा रहेका जनतालाई सधैं यो निराशामा कहिलेसम्म राख्ने हो ? अब अलिकति पनि दलहरूले यसबारे सोच्नु पर्दैन ? सधैं आफ्नो व्यक्तिगत, गुटगत, दलगत स्वार्थमा कहिलेसम्म मुलुकलाई चलाउने ? यो भन्दा गम्भीर कुरा त नेताहरू आफ्नो स्वविकले चलेका छन् कि बाहिरी शक्तिको इसारामा भन्ने आशंका विगतदेखि चल्दै आएको हो र अहिले पनि त्यो कायमै छ । अहिले त झन् नांगोरूपमा नै विदेशी शक्तिहरूको चलखेल देखिन थालेको छ । दलका नेताहरू राज्य र जनताप्रति उत्तरदायी हुने कि विदेशी शक्तिकेन्द्रप्रति ?

जनताको ठूलो त्याग, संघर्ष र बलिदानबाट प्राप्त यो व्यवस्था केही नेता र तिनका आसेपासेहरूका लागि मात्र फलिफाप भएको देखिन्छ । यदि यो प्रवृत्तिबाट दलहरू बाहिर नआउने हो भने फेरि जनविद्रोह हुने निश्चित छ । यसरी उठ्ने जनविद्रोहले अहिलेका नेताहरूलाई बढार्ने निश्चित छ । जनताको शक्तिलाई कमजोर ठान्ने गल्ती जुन नेताहरूले गरिरहेका छन् हिजो त्यही जनताको शक्ति लिएर त्यो ठाउँमा पुगेको कुरा बिर्सने गम्भीर भूल भएको छ । अब जनतासँग थप धैर्यताको सीमा रहने देखिँदैन । धैर्य भएर रहनुको विकल्प पनि छैन । त्यसले अब साँच्चिकै मुलुक र जनताको हित चाहने राजनेता चाहिएको छ । त्यो राजनेता बन्ने हैसियत अहिलेका नेताहरूबाट बनाउन सक्ने देखिँदैन । त्यसैले जनताकै बीचबाट यस्तो राजनेताको खोजी गर्न अब लाग्नुपर्छ ।

-**विश्वास योञ्जन**, बौद्ध

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# यार्सागुम्बा पाइने पाटनबाट फोहोर संकलन

**जाजरकोट–** यार्सागुम्बा पाइने डोल्पाका पाटनबाट फोहोर संकलन गरिएको छ। डोल्पाको त्रिपुरासुन्दरी र ठूलीभेरी नगरपालिकामा पर्ने एक दर्जन पाटनका २० प्रतिशत क्षेत्रबाट ७८ क्विन्टल फोहोर संकलन गरिएको हो ।

यार्सागुम्बा संकलन सुरु भएदेखि प्लास्टिक, सिसा, कपडा र पेय पदार्थका बोतलको फोहोरले उच्च हिमाली पाटन भरिएका थिए । यस क्षेत्रमा यार्सागुम्बा पाइने करिब एक हजार पाटन छन् । वर्षौंदेखि यार्सागुम्बा संकलनकर्तादेखि पशुचौपाय लिएर पाटनमा जानेहरूले गरेको फोहोर अहिले सफा गरिएको हो ।

बर्सेनि जम्मा भइरहेको फोहोरले आर्थिक, सामाजिक, वातावरणीय र पर्यटकीय क्षेत्रलाई गम्भीर असर पारेपछि अघिल्लो आर्थिक वर्षदेखि फोहोर संकलनको अभियान नै सुरु गरिएको विश्व वन्यजन्तु कोष डोल्पाका प्रतिनिधि चन्द्रजंग हमालको भनाइ छ ।

'फोहोरका कारण हिमाली पारिस्थितिक प्रणालीमासमेत असर पर्न थालेको छ भने आर्थिक र वातावरणीयरूपमा पनि असर परेको छ,' उनले भने, 'पाटनमा फोहोर बढेपछि निकुञ्जभित्रका संरक्षित वन्यजन्तुलाई आहार ासमेत अभाव हुन थालेको छ ।'

उनका अनुसार गत वर्षदेखि हालसम्म ७८ क्विन्टल फोहोर संकलन गरी काठमाडौं पठाइएको छ । 'सकारात्मक सन्देश प्रवाह गराउन गत आर्थिक वर्षमा ७८ क्विन्टल फोहोर जम्मा गरी आज मात्रै काठमाडौं पठाइएको छ,' हमालले आइतबार भने, ' भक्तपुरस्थित डोको रिसाइक्लर्ससँग सम्झौता भएअनुसार प्रशोधनका लागि काठमाडौं पठाइएको हो ।'

फोहोर संकलन प्रभावकारी बनाउनका लागि यहाँका सबै स्थानीय तहसमेत सक्रिया हुनुपर्ने माग उठेको छ । अहिले दुईवटा पालिकामा पर्ने पाटनको फोहोर संकलन गरिएको हो ।

उपल्लो डोल्पादेखि मुड्केचुला, जगदुल्लाका पाटनमा भने फोहोर संकलन हुन सकेको छैन। पाटनमात्रै नभई अत्यधिक फोहोरका कारण निकुञ्ज र भेरी नदी पनि दुर्गन्धित बनेको छ । शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका पदाधिकारीका अनुसार यहाँका पाटन फोहोरले भरिएपछि केही वर्षयता यार्सागुम्बा लोप हुन थालेको छ। डोल्पा उच्च गुणस्तर र धेरै परिमाणमा यार्सागुम्बा पाइने जिल्लाका रूपमा चिनिन्छ ।

कुनै बेला एक दिनमा चारदेखि पाँच हजार वटासम्म पाइने यार्सा अहिले मुस्किलले दिनमा चार-पाँचवटा भन्दा धेरै नपाइने अवस्था आएको ठूलिभेरी नगरपालिका लिकुका हरि खत्रीको भनाइ छ । डोल्पा, जाजरकोट ,रुकुम पश्चिम र जुम्लाका सर्वसाधारणका लागि आम्दानीको मुख्य स्रोतका रूपमा रहेको यार्सा फोहोरका कारण लोप हुन थालेपछि शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, विश्व वन्यजन्तु कोष, मध्यवर्ती समिति, आमा समूह र स्थानीय सरकार संरक्षणमा जुटेको छ। *रासस*

# महेन्द्रनगरमा 'रूपालवासी' होलीको रौनक

**महेन्द्रनगर–** कञ्चनपुरकोमहेन्द्रनगरमा रूपालवासीको परम्परागत रूपाली होलीले रौनकता छाएको छ । फागु पूर्णिमाको तीन दिनअघिदेखि सुरु भएको रूपाली होली कञ्चनपुरको भीमदत्त नगरपालिका-१५ निम्बुखेडा र १८ गोवरीयामा भव्यरूपमा एकादशीदेखि सुरु भएको हो ।

दशकौंदेखि सुदूरपश्चिममा समुदाय विशेषले मनाउने रूपाली होलीको रौनक बढेको निम्बुखेडा रूपाली होली समाजका अध्यक्ष डम्बरदत्त भट्टले जानकारी दिए । रूपाल सुदूरपश्चिमको पहाडी जिल्ला डडेलधुराको भागेश्वर गाउँपालिकामा पर्ने गाउँ हो। सो बसोबास गर्ने नागरिकलाई 'रूपालवासी' भनेर स्थानीय भाषामा चिनिन्छ ।

डडेलधुराको रूपालदेखि बसाइसरी कञ्चनपुरको महेन्द्रनगर र आसपासका क्षेत्रमा आएका रूपाली समुदायले तराई झरेयता नियमितरूपमा पम्परागत होलीलाई निरन्तरता दिँदै आएका छन् । 'रुबालीहरू बीचको एकता र रंगीन पर्वसँग जोडिएको होलीका आफ्नै पम्परागत मान्यता छन्,' अध्यक्ष भट्टले भने, 'हाम्रो नयाँ पुस्ताले पनि यसलाई आत्मसात गर्दै अघि बढेको छ ।'

वसन्त ऋतु र नयाँ वर्षको पूर्वसन्ध्यामा रंगीन पर्व होलीको उल्लास बढिरहेका बेला रूपाली होलीको ४७ पुस्ताभन्दा बढी लामो इतिहास सुदूरपश्चिममा छ । 'सुदूरपश्चिममा मात्रै समुदायपिच्छे होली खेल्ने र मनाउने धेरै तौर तरिकाहरू छन्,' भट्टले भने, 'रूपाली होलीको आफ्नो छुट्टै विशिष्ट पहिचान छ ।'

परम्परागत शैलीमा खेलिने होली रूपाली समुदायका हरेक उमेर समूहका मानिसक गोलबद्ध भएर देउडा शैलीमा खेल्ने गर्छन् । हरेक उमेर समूहका युवा-युवती, महिला पुरुष तथा बालबालिका होली धुमाधामका साथ मनाइरहेका बेला डडेलधुराको तत्कालीन रूपाल गाविसका मानिस तराईमा झरेको पाँच दशक पुग्दा पनि आफ्नो परम्परागत होलीलाई निरन्तरता दिइरहेका छन् । 'होलीबाट जम्मा भएको पैसाले मन्दिरका लागि भाडा खरिद गर्ने योजना छ,' भट्टले भने, 'भाँडाकुडा विवाह, व्रतलगायत बेला आर्थिक अवस्था कमजोर भएका नागरिकलाई निःशुल्करूपमा काम चलाउन दिन्छौं ।' रूपाली होली धार्मिक मान्यतालाई कायम राख्दै आफ्नै पहाडिया शैलीमा परम्परागत भाकामा गाएर होली मनाइन्छ ।

रूपाल होली समितिले वर्ष एकादशमीका दिनदेखि प्रसिद्ध बैजनाथ मन्दिरबाट सुरु गरिने होली पूर्णिमाका दिन सोही मन्दिरमा गएर समापन गर्ने चलन छ । 'निम्बुखेडाको शिव गौरा मन्दिर र गोवरियामा बैजनाथ मन्दिरबाट एकसाथ होली सुरु भएको छ,' रूपाली समुदायका अगुवा तथगा कञ्चनपुर होटल व्यवसायी संघ वरिष्ठ उपाध्यक्ष केशव जोराले भने, 'जागिर र अन्य सिलसिलामा विभिन्न ठाउँमा छरिएर रहेका रूपाली होली पर्वमा झमघट हुने हुनाले होली पर्वलाई एउटा भेटघाटको पर्व पनि लिन्छौं ।'

होली खेलेर प्राप्त रकम विभिन्न विकास निर्माण तथा धार्मिक निर्माणमा खर्च गर्ने गरिएको छ । होलीका गीतको माध्यमबाट विभिन्न धार्मिक भजन गाएर पनि रूपाली रमाइलो गर्ने गर्ने प्रचलन छ। त्यसका साथै 'फगुवा'हरूलाई हरेक रूपालीको घरमा विशेष सम्मान दिइने गरेको छ । होलीबाट संकलित रकमले मन्दिर निर्माणलगायत सामाजिक कार्यमा खर्च गरिने जोराको भनाइ छ ।

'जसको घरमा बिहे र सन्तान भएको उसले फगुवालाई होलीका मौकामा विशेष भोजन गराउने चलन छ,' जोरा भने, 'यो एउटा पम्पराको निरन्तरता पनि हो ।' डडेलधुराको रूपालबाट विसं २०१७ देखि तराईमा बसाइसराई गर्ने क्रम सुरु रूपाली अगुवाको भनाइ छ ।

हरेक वर्ष फागु पूर्णिमामा मनाइने होलीले आध्यात्मिक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक महत्त्व बोकेको छ । 'पुस्तौंदेखिको होलीमा अहिलेका युवा पिँढीको उपस्थिति पनि उल्लेख छ,' जोराले भने, 'होलीलाई निरन्तरता र संरक्षणका लागि रूपाली समाज सक्रिय छ ।' *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFAQCOM CO LTD IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२१ | LT. No. 263422 | चलानी नं. ६०१७९५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ३० गते (14th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RL KAWALAN PRO SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२१ | LT. No. 271942 | चलानी नं. ६०१८७७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Securtiy Guards | 1 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AEON DELIGHT (MALAYSIA) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/04/03 | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२१ | LT. No. 267503 | चलानी नं. ६०१८३४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 0 | 1500 | ४३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**

श्रम ईजाजत नं. ३१७/०५९/०६०

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABAK AL JASUR COMMERCIAL ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०७९/११/२१ | LT. No. : 282054 | चलानी नं. ६०१९७६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 3 | 0 | 1800 | ६२,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २९ गते (13th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

